# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग

visit nepal 2020 Lifetime Experiences

### प्रेश विज्ञप्ति

**T+2 को कार्यान्वयन तथा मार्जिन रकम भुक्तानी सम्बन्धमा स्पष्ट गरिएको ।**

धितोपत्र दलाल व्यवसायीले खरिद आदेश प्राप्त गर्दा सो आदेश कार्यान्वयन हुँदा कायम हुने अनुमानित रकमको कम्तिमा पच्चीस प्रतिशत रकम सम्बन्धित आदेश दिने ग्राहकबाट नगदै अग्रीम रुपमा लिनुपर्ने व्यवस्था गरिएको भनी विभिन्न सञ्चार माध्यममा आएको समाचार र यसबाट लगानीकर्तामा द्विविधा सिर्जना भएको विषयमा बोर्डको ध्यानाकर्षण भएको छ ।

बोर्डले मिति २०७७।१०।१४ मा सम्पूर्ण धितोपत्र दलाल व्यवसायीलाई धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट चक्र T+2 मा हुनुपर्ने व्यवस्था लागू भइसकेकोमा कतिपय धितोपत्र दलाल व्यवसायीहरुले सोको पालना नगरेको भनी लगानीकर्ताबाट गुनासो प्राप्त भएकोले धितोपत्र कारोबार साफसाफ तथा फछ्र्यौट T+2 मा गर्न र सोही अनुसार समयमा नै धितोपत्र तथा रकम सम्बन्धित लगानीकर्ताले पाउने व्यवस्था कडाईका साथ पालना गर्न परिपत्र जारी गरेको र धितोपत्र दलाल व्यवसायीले समयमा नै लगानीकर्तालाई रकम भुक्तानी गर्न सकुन् भन्ने उद्देश्यले यसअघि नै व्यवस्था गरिएको धितोपत्र कारोवार संचालन विनियमावली, २०७५ को विनियम ८ बमोजिम धितोपत्र विक्री गर्ने लगानीकर्तासँग मार्जिन रकम वा चेक लिनसक्ने जानकारी गराइएको थियो ।

बोर्डले लगानीकर्ताले खरिद गरेको धितोपत्र र धितोपत्र बिक्री वापतको रकम समयमा नै लगानीकर्तालाई प्राप्त होस भन्ने उद्देश्यले उक्त परिपत्र जारी गरेको र यस कार्यलाई थप प्रभावकारी बनाउन बोर्ड अध्यक्ष सहितका उच्च तहका कर्मचारी, नेप्सेको प्रतिनिधि तथा ब्रोकर एशोसियशन अफ नेपालका पदाधिकारीबीच आज बोर्डमा छलफल भई धितोपत्र कारोवारलाई बैंक तथा निक्षेप सदस्यसँग इन्टिग्रेशन गर्ने गरी लगानीकर्ताको धितोपत्र कारोबार खाता, मार्जिन खाता तथा क्लियरिङ्ग खाताका सम्बन्धमा उचित व्यवस्थापन निकट भविष्यमा नै गर्ने गरी आवश्यक कार्य अगाडि बढाउने निर्णय भएको व्यहोरा सम्पूर्ण लगानीकर्तालाई जानकारी गराउँदै विभिन्न समाजिक सञ्जाल तथा भ्रामक र अपूर्ण सूचना र हल्लाको पछि नलागी सूचिकृत संगठित संस्थाको आधारभूत तथा प्राविधिक पक्षको अध्ययन गरी विद्यमान व्यवस्था अनुरुप नै लगानी गर्न अनुरोध गर्दछौं ।

बैंक खाता र शेयर खाता इन्टिग्रेशनको कार्य अगाडि बढाउने प्रक्रियाको लागि बोर्डबाट निर्देशन भइसकेको परिप्रेक्षमा सो व्यवस्था कार्यान्वयनमा आएपश्चात् धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट थप प्रभावकारी भई धितोपत्र कारोवार अझै लगानीकर्तामैत्री हुने बोर्डको विश्वास रहेको छ ।

मिति: २०७७।१०।१८

(निरज गिरी)
प्रवक्ता

पोष्ट बक्स नं.: ९०३१, जावलाखेल, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५४४०७६, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np